मनहरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश,नेपाल

प.सः२०७८/०७९ बैठक ब्यावस्थापन शाखा

च.नः २८४६

मितिः२०७९/०२/२४

**बिषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी,मकवानपुर ।

प्रस्तुत बिषयमा मिति २०७९ जेष्ठ २३ गते सोमबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ६ (छ) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

२।२४

..................................
मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०२/२३ गते सोमबार बिहान ७:०० बजे यस मनहरी गाउँ कार्यपालिकाको दोस्रो बैठक गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिती सहित बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

<u>उपस्थिति</u>

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राज कुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युवराज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९.नं. वडा अध्यक्ष | |
| १२ | श्री सबिता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया बोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री दिपक अधिकारी एम.आई.एस.अपरेटर पञ्जिकरण तथा सुचना प्रविधि शाखा

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ जेठ २३ गतेको गाउँ कार्यपालिका बैठकमा छलफलको लागि पेश भएका विषयवस्तु**

१. मनहरी गाउँ कार्यपालिका कार्यलय सञ्चालनार्थ कार्यकक्ष नपुग सम्बन्धमा

२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यक्रम सञ्चालन सम्बन्धमा

३. साथीभाइ फिल्म्स प्रा.लि. ले तयार गरेको मनहरी गीतको भुक्तानी सम्बन्धमा

४. मनहरी गाउँपालिका कार्य विभाजन नियमावली २०७४ को अनुसूचि १ मा देहायका समितिहरुमा सदस्य तथा पदाधिकारी तोक्ने सम्बन्धमा ।

५. योजना सम्झौता अवधि तथा योजनाको सम्पन्न गर्ने अवधि सम्बन्धमा ।

६. कर संकलनको लागि आवश्यक कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

७. रकम तथा योजना माग भइ आएको सम्बन्धमा

८. विभिन्न योजनाहरु सम्पन्न गर्ने म्याद थप सम्बन्धमा

९. विविध ।

निर्णय

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा मनहरी गाउँपालिका कार्यालय रजैयामा साविकमा पर्वदेव अधिकारीको सिङ्गो घरमा कार्यालय सञ्चालन हुदै आएकोमा विषयगत शाखाको विस्तार तथा कार्यालयलाई आवश्यक कर्मचारी पदपूर्ति हुँदा स्थान अभाव भई सो बाहेक थप तीनवटा रजैयाका घरहरुमा कार्यालय सञ्चालन हुँदै आएकोमा सो कारण गाउँपालिकालाई थप व्ययभार पर्न गएको तथा फरक फरक स्थानमा कार्यकक्ष हुँदा कार्यसम्पादनमा कठिनाई पर्न गएको । गाउँपालिकाले निर्माण गरेको मनहरी गाउँपालिकाका वडा नं. ३ मा रहेका समावेशी भवन, सभाहल तथा सेफ हाउस उपयोगविहिन भएको हुँदा पर्वदेव अधिकारी बाहेकका घरमा सञ्चालनमा रहेका शाखाहरु तथा आवश्यकता अनुसार अन्य शाखाहरुलाई गाउँपालिकाका आफ्नै भवन निर्माण नहुँदासम्म समावेशी भवन, सभाहलमा यथासिघ्र स्थानान्तरण गर्ने निर्णय गरियो ।

२. प्रस्ताव २ उपर छपफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पारिश्रमिकमा आधारित योजना सञ्चालन गर्न पुन संघीय सरकारबाट थप रु १६,३४,०००। निकासा प्राप्त भएकोले सो रकमबाट तपसिल बमोजिमको वडामा तपसील बमोजिम योजना सञ्चालन गर्ने निर्णय गरियो।



रन्जन कालाखेती
अध्यक्ष

| क्र.सं. | योजनाको नाम | सञ्चालन हुने वडा | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | घैया डाँडा बाटो स्तरिकरण | १ नं. वडा | १ लाख | |
| २ | तिनतले हुँदै सिता मा.वि.जाने बाटो मर्मत | २ नं. वडा | १ लाख | |
| ३ | महेन्द्र ज्योती मा.वि/ वडा कार्यालयमा वृक्षारोपण तथा संरक्षण | ३ नं. वडा | २ लाख | |
| ४ | दर्दरा देखी डिल्लिपुर सम्मको सडक नाला सरसफाई | ५ नं. वडा | २ लाख | |
| ५ | लोथर फरिवाङ बाटो सरसफाई/ जोगीताल बृक्षारोपण/तिन भङ्गला देखि १ नं. जाने बाटो मर्मत | ६ नं. वडा | ४.३४ लाख | |
| ६ | बुद्ध शान्ती पार्क फलफुल रोप्ने/बैज्ञानिक बनको झारी सरसफाई | ७ नं वडा | २ लाख | |
| ७ | श्री प्रा.वि देउकोट बृक्षारोपण / वडा कार्यालय वरपर गार्डेन (फुलबारी)निर्माण | ८ नं. वडा | २ लाख | |
| ८ | सहिदस्मृती स्कुल देखि सिन्तान घर डाँडा बाटो सरसफाई / गा.पा. भवन देखी अधिकारी टोल कुलो मर्मत / ज्यामिरे सिंचाई सरसफाई १ नं.पुल र २ नं. पुल | ९ नं. वडा | २ लाख | |

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिकाले प्रस्ताव आव्हान गरी सबैभन्दा घटी कबोल गर्ने साथीभाइ फिल्म्स प्रा.लि. संग सम्झौता भइ गाउँपालिकाले कार्यादेश समेत दिएको र मिति २०७८ चैत ८ गते बसेको गाउँ कार्यपालिका बैठकले भुक्तानीको प्रक्रिया अगाडि बढाउने निर्णय समेत भएकोमा सो को लागि गीत प्राप्त गरी रु ४ लाख भुक्तानी दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा मनहरी गाउँपालिका कार्य विभाजन नियमावली, २०७४ को अनुसूचि १ बमोजिम तपसिल बमोजिमका समितिका संयोजक यस अघिको गाउँकार्यपालिकाको मिति २०७९।०२।१८ को बैठकले तोकिसकेको र समितिका सदस्यहरुमा तपसिल बमोजिम तोक्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

हाम्रो गाउँ कार्यपालिका बैठक

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

तपशिल

क. आर्थिक विकास समिति

संयोजक श्री प्रकाश थापा, वडा अध्यक्ष वडा नं. ४
सदस्य श्री शिव प्रसाद खनाल
सदस्य श्री बुद्धी बहादुर स्याङतान
सदस्य श्री कृषि शाखा प्रमुख
सदस्य श्री सहकारी शाखा प्रमुख
सदस्य श्री उद्योग शाखा प्रमुख सो नभए उद्यम विकास सहजकर्ता
सदस्य सचिव श्री पशु पन्छी शाखा प्रमुख

ख. सामाजिक विकास समिति

संयोजक श्री अनन्त प्रकाश अर्याल, वडा अध्यक्ष वडा नं. ३
सदस्य श्री राज कुमार पाख्रिन
सदस्य श्री सेती माया तामाङ
सदस्य श्री शिक्षा शाखा प्रमुख
सदस्य श्री स्वास्थ्य शाखा प्रमुख
सदस्य श्री महिला बालबालिका तथा समाज कल्याण शाखा प्रमुख
सदस्य सचिव श्री सामाजिक विकास शाखा प्रमुख

ग. वातावरण तथा विपद् व्यवस्थापन समिति

संयोजक श्री राजकुमार श्रेष्ट, वडा अध्यक्ष वडा नं. ९
सदस्य श्री हिरा बहादुर प्रजा
सदस्य श्री चतुर कुमार सुनार
सदस्य श्री वन तथा वातावरण शाखा प्रमुख
सदस्य सचिव श्री विपद सम्बन्धी फोकल पर्शन

घ. सुशासन तथा संस्थागत विकास समिति

संयोजक श्री ठाकुराम तितुङ, वडा अध्यक्ष वडा नं. ७
सदस्य श्री नारायण उप्रेती
सदस्य श्री राम माया नगरकोटी
सदस्य श्री आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य श्री जिन्सी शाखा प्रमुख
सदस्य श्री राजस्व शाखा प्रमुख
सदस्य सचिव श्री प्रशासन शाखा प्रमुख

ङ. पुर्वाधार विकास समिति

संयोजक श्री यूवराज थपलिया, वडा अध्यक्ष वडा नं. ६
सदस्य श्री दिपेन्द्र अधिकारी
सदस्य श्री मिरा खत्री
सदस्य श्री पूर्वाधार विकाश शाखा प्रमुख

दोर्मो गाउँ कार्यपालिका बैठक



रन्जन कालाखेती
अध्यक्ष

सदस्य सचिव श्री योजना शाखा प्रमुख

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा गाउँपालिकाबाट विनियोजन भएका र अन्य निकायबाट गाउँपालिका मार्फत् उपभोक्ता समितिबाट सन्चालन हुने योजनाहरु यही २०७९ जेठ मसान्तसम्म मात्र सम्झौता गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा मनहरी लगायतका नदीमा नदीजन्य पदार्थ उत्खननको लागि आइ. इ. इ. स्वीकृत हुन नसकेका कारण उत्खनन र विक्रीका लागि ठेक्का लगाउन नसकिएको कारण गाउँपालिका आफैले अमानतमा कर सकंलन गर्न परेको हुँदा मिति २०७९ ।०२।१८ को कार्यपालिका बैठकले गरेको निर्णय नं. ६ लाई संसोधन गरि तपशिल बमोजिम १५ जना कर संकलन सहयोगी कर्मचारीहरुलाई मिति २९७९।०२।२४ देखि लागुहुने गरि करार गरी कामकाजमा लगाउने निर्णय गरियो । निजहरुलाई मासिक सुबिधा बापत रु २२०००/-(बाईस हजार) उपलब्ध गराउने समेत निर्णय गरियो ।

**तपशिल**

सहायक स्तर चौथो सरह कर सकंलन सहयोगी

| | | |
|---|---|---|
| क. | श्री पुस्कल ठकुरी | मनहरी १ नं. वडा |
| ख. | श्री कुमार स्याङ्तान | मनहरी २ नं. वडा |
| ग. | श्री साजन थिङ लामा | मनहरी ३ नं. वडा |
| घ. | श्री श्याम खड्का | मनहरी ४ नं. वडा |
| ङ. | श्री राज कुमार उप्रेती | मनहरी ५ नं. वडा |
| च. | श्री बिर बहादुर घलान | मनहरी ६ नं. वडा |
| छ. | श्री बिकाश थापा | मनहरी ६ नं. वडा |
| ज. | श्री सौगात बल | मनहरी ७ नं. वडा |
| झ. | श्री रमेश तामाङ | मनहरी ७ नं. वडा |
| ञ. | श्री मनोज लामा | मनहरी ८ नं. वडा |
| ट. | श्री विर बहादुर रुम्बा | मनहरी ८ नं. वडा |
| ठ. | श्री तिलक लामा | मनहरी ८ नं. वडा |
| ड. | श्री बिनम लम्साल | मनहरी ९ नं. वडा |
| ढ. | श्री निरज मोक्तान | मनहरी ९ नं. वडा |
| ण. | श्री सचिन आले मगर | मनहरी ९ नं. वडा |

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा गाउँपालिकामा तपशिल बमोजिमको योजना तथा कार्यक्रमको लागि रकम तथा योजना माग भइ आएकोले निम्नानुसार रकम विनियोजन गरि कार्य सम्पादन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | योजनाको विवरण | ठेगाना | रकम | भुक्तानीको श्रोत |
|---|---|---|---|---|
| १. | स्थानीय तह शहीद स्मृति मकवानपुर गोल्ड कप २०७९ कार्यक्रम खर्च-मकवानपुर जिल्ला फुटबल संघ | मकवानपुर हेटौडा | ३००,०००। | मनहरी खेलकुद कार्यक्रम |

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा देहायका निर्माण कार्यका ठेक्काहरु निर्माण सामग्रीको उपलब्धतामा कठिनाई, स्थानीय तह सदस्य निर्वाचन, प्रतिकूल मौसम जस्ता बिबिध कारणले समय सिमा भित्र कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरुको म्याद थप गरी तिब्र कार्य समाप्तिका निम्ति निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | म्याद रहेको अन्तिम मिति | समयावधी माग हुन आएको | थप गरिएको समयावधी |
|---|---|---|---|---|---|
| १. | प्रतापुर सडक स्तरीकरण | सुन्दर नेपाल निर्माण सेवा | २०७९।०२।१२ | २०७९।०५।२५ | २०७९।०३।२२ |
| २. | वडा नं १ वडा कार्यालय भवन | तरुण कन्स्ट्रकस्न | २०७९।०१।२६ | २०७९।०४।२० | २०७९।०३।२२ |
| ३. | वडा नं ७ र ९ वडा कार्यालय भवन | रत्न कुमारी एण्ड सन्स् बिल्डर्स | २०७९।०१।३१ | २०७९।०४।२० | २०७९।०३।२२ |
| ४. | रुपाचुरी सडक स्तरीकरण | जय भैरव निर्माण सेवा | २०७९।०२।०४ | २०७९।०४।२० | २०७९।०३।२२ |
| ५. | सामुदायिक स्वास्थ्य ईकाई भवन वडा नं १,२,४,५,८ र ९ | गुरुकूल बिल्डर्स | २०७९।१२।२९ | २०७९।०५।३० | २०७९।०३।२२ |

९. प्रस्ताव नं. ९ विवध उपर छलफल गर्दा दशौं गाउँसभाबाट भएको निर्णय अनुसार यस गाउँ पालिका क्षेत्रभित्र संचालनमा क्रममा रहेको स्वीकृत योजनाहरुको नाम नमिलेमा सो नाम संसोधन गर्न सकिने भएकोले देहायका योजनाहरुको नाम संबन्धित वडा कार्यालयको सिफारिस अनुसार संसोधन गरि संसोधित नाम अनुसार योजना संचालन गर्ने निर्णय गरियो ।

| वडा नं. | योजनाको नाम | रकम | संसोधित योजनाको नाम ठेगाना | रकम |
|---|---|---|---|---|
| १ | घैया डाँडा पम्पिङ खानेपानी | १०००००/- | घैया डाँडा पम्पिङ खानेपानी बैठक भवन मर्मत | १०००००/- |
| ४ | मोरडेधाप पिकनिक स्थल निर्माण र | ५०००००/- | नयाँ बस्ती स्ल्याब ढलान | ५०००००/- |



रन्जन कालाखेती

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | गोही संरक्षण | | | |
| ४ | चेपाङ प्रा.बि. तटबन्धन | २०००००/- | कार्की गोतामें टोल खानेपानी | २०००००/- |
| ४ | अर्यालबाजेको घरमुनी तटबन्धन मर्मत | २०००००/- | थिङटोल सिंचाई योजना | २०००००/- |
| ४ | चकरीताल अधुरो तटबन्धन | २०००००/- | सृजना प्रा.वि. छाना मर्मत | २०००००/- |

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरि बैठक समापन गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

दोस्रो गाउँ कार्यपालिका बैठक